# यशोधरा गाउँपालिका

## १२ औं गाउँसभा

## बार्षिक नीति तथा कार्यक्रम

आ.ब. ०८०।०८१

यशोधरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

बैदौली, कपिलवस्तु

मिति २०८० साल असार १० गते

**स्वीकृत मिति :२०८०।०३।१०**

आ.ब. ०८०।०८१ को नीति तथा कार्यक्रम

**सभा सदस्य ज्युहरु**

यस गरिमामय सभा समक्ष यशोधरा गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महसुस गरेको छु । यस अवसरमा म नेपालको समग्र रुपान्तरणका लागि भएका राजनीतिक आन्दोलन र संघर्षको क्रममा जनताको कल्याण र उन्नतिका लागि जीवन समर्पण गर्नुहुने सबै ज्ञात अज्ञात सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, बेपत्ता नागरिक र घाइते योद्धाप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

संघियता कार्यान्वयनका क्रममा यशोधरा गाउँपालिका स्थापना भएको झण्डै साढे छ बर्षको कार्यकालमा यशोधरा गाउँपालिकाले कानुन निर्माण, संगठन संरचना स्थापना र जनशक्ति व्यवस्थापनतर्फ प्रभावकारी रुपमा कार्यसम्पादन गर्दै **"सुखि यशोधरा, समृद्धि यशोधरा, प्रविधि तर्फ अग्रसर यशोधरा"** को दीर्घकालीन सोच पुरा गर्न सेवा प्रवाह, विकास व्यवस्थापन र शासकीय प्रबन्धको कार्य प्रभावकारी रुपमा गर्न क्रियाशील रहेको छ ।

**सभा सदस्य ज्युहरु**

## आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमाका सैद्धान्तिक आधारहरु

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु,
४. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन ,
५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु
६. संघीय र प्रदेश सरकारको आ.व. ०८०।०८१ को बजेट वक्तव्य,
७. स्थानीय तहका विभिन्न कानुनहरु,
८. आन्तरिक राजश्वको अनुमानित आय आ.ब. ०८०।०८१
९. समय समयमा व्यक्त प्रतिबद्धताहरु,

कृषि, उद्योग, व्यापार र पर्यटन क्षेत्रबाट आर्थिक बृद्धि गर्दै विकासका सबै पूर्वाधार निर्माण गरी समृद्ध गाउँपालिका निर्माण गर्ने दीर्घकालिन सोच, चिन्तन सहित विकासका सबै चरणहरुमा जनताको अर्थपूर्ण सहभागीता सहित सन्तुलित र चौतर्फी विकासको लागि यशोधरा गाउँपालिकाको एकीकृत विकास योजना गाउँपालिका अनुसारको निम्न अनुसार नीति अवलम्बन गरिने छ ।

**सभा सदस्य ज्युहरु**

अब म वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**गाउँपालिकाका प्राथमिकताहरु :**

१. शिक्षा र स्वास्थ्य
२. कृषि तथा पशु विकास
३. स्वच्छ खानेपानी तथा सरसफाई
४. भौतिक पूर्वाधार
५. सुशासन तथा सेवा प्रवाह
६. सामाजिक विकास तथा विपद् व्यवस्थापन
७. उद्यम विकास प्रवर्द्धन
८. बालमैत्री तथा वातावरण मैत्री स्थानीय शासन

**सभा सदस्य ज्युहरु**

अब म नीति तथा कार्यक्रमको उद्देश्य प्रस्तुत गर्न चाहन्छु।

- ✓ गुणस्तरीय शिक्षा, स्वास्थ्य कृषि तथा पशु विकासमा आमूल परिवर्तन
- ✓ गाउँपालिका वासीहरुको आर्थिक सामाजिक जीवनमा आमूल परिवर्तन
- ✓ सुशासन तथा चुस्त, दुरुस्त सेवा प्रवाह
- ✓ गुणस्तरीय भौतिक पूर्वाधार निर्माण
- ✓ बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासन

# शिक्षा सम्बन्धि नीति

१. यस यशोधरा गाउँपालिका भित्र रहेको सामुदायिक तथा धार्मिक विद्यालयहरुको स्तरउन्तीको लागि हाल भइरहेको सहयोगलाई निरन्तरता दिदै आवश्यकता अनुसार थप सहयोग प्रदान गरिने छ । शिक्षकहरुको क्षमता अभिवृद्धि कार्यक्रमलाई सहजिकरण गरिने छ । सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालय बीच कायम रहेको अन्तर र त्यसले सृजना गरेको सामाजिक विष्मतालाई नियमन गर्न बिशेष पहल गरिने छ । सामुदायिक विद्यालयमा कायम हुनु पर्ने शिक्षक विद्यार्थी अनुपातलाई व्यवस्थित गरिने छ ।

२. स्मार्ट विद्यालयको रुपमा परिणत भएको श्री जनसेवा आधारभूत विद्यालय यशोधरा-४, अम्लोनहामा आगामी शैक्षिक सत्र देखि संचालनमा ल्याइने छ ।

३. यस यशोधरा गाउँपालिका भित्र आधारभुत स्तर विद्यालयहरुमा भौतिकपूर्वाधार, स्वच्छ खानेपानी, सरसफाइ, बालमैत्री तथा वातावरणमैत्री कार्यक्रमलागू गरिने छ ।

४. गाउँपालिका भित्र प्रत्येक बालबालिकाको शिक्षामा पहुच पुर्याउनका लागि प्रत्येक गाउँ/टोलमा बाल शिक्षा नीति ल्याइने छ ।

५. विद्यालयमा शान्ति क्षेत्रको अवधारणा लागु गर्दै सबै विद्यालयहरुमा बालमैत्री, छात्रामैत्री, अपांगमैत्री बनाइने र गुणस्तरीय शिक्षा, रोजगारमुल शिक्षाको विकास गरिने छ ।

६. यस यशोधरा गाउँपालिकामा उच्च शिक्षाका लागि क्यामपस संचालन गर्न आवश्यक सहयोग गर्ने नीति लिइएको छ ।

७. गरिबी तथा विपन्न परिवारका प्रतिभावान विद्यार्थीहरुको लागि गरिब, विपन्न, अपांग तथा दलितको कारण उच्च शिक्षाबाट बन्चित हुनु पर्ने स्थिति अन्तय गर्दै प्राविधिक प्रवेश परीक्षामा छात्रवृत्ति कोटामा उत्तिर्ण परीक्षार्थीहरुलाई आर्थिक सहयोगको गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।

८. स्थानीय पाठयक्रम निमार्ण गरिने कार्यक्रमलाई निरन्तरता दिइ स्थानीय पाठयक्रम लागु गरिने छ ।

९. गाउँपालिकास्तरीय परीक्षालाई मर्यादित तथा प्रभावकारी बनाउन गाउँपालिकास्तरीय परीक्षा समिति पुर्नगठन गरिने छ ।

१०. गाउँ पालिकास्तरीय अनुगमन तथा सुपरवेक्षण समितिलाई प्रभावकारीरुपमा परिचाल गरी विद्यालयको अनुगमन तथा सुपरिवेक्षणमा विशेष जोड दिइने छ ।

११. पालिकाभित्र ग्रिन विद्यालय तथा किलिन विद्यालयको नीति अवलम्बन गरिने छ ।

१२. गाउँपालिकाबाट गाउँपालिका भित्र शैक्षिक गुणस्तर सुधार गर्नको लागि विद्यार्थी अनुपातमा शिक्षक तथा स.क पदपुर्ती गर्ने नीति अन्तरगत प्रदान गरिदै आएका प्रा.वि., नि.मा.वि., मा.वि. तहको तथा बालविकास सहजकर्ता पालिका अनुदानकोटालाइ यस बर्षमा पनि निरन्तरता दिइने छ ।

१३. गाउँपालिका भित्रका विद्यालयहरुको लागि परीक्षा प्रश्नपत्र छपाइको व्यवस्था पालिका भित्र गर्ने नीति लिइएको छ ।

१४. गाउँपालिका भित्रका सबै विद्यालयहरु एकरुपता ल्याउने र उज्जाल्योपन बढाउन बाहिरी भागमा पहेलो रंग प्रयोग गरिने छ ।

## स्वास्थ्य सम्बन्धि नीति

१५. यसोधरा आधारभूत अस्पतालको निर्माण प्रक्रिया प्रारम्भ भैसकेको छ । त्यसलाई समयमै सम्पन्न गरिने छ तथा हाल उपलब्ध रहेको भवनमा २४ घण्टा सेवा प्रदान गरिने गरि आधारभूत अस्पताल सञ्चालनलाइ निरन्तरता तथा थप जनशक्तीको व्यवस्था गरी प्रभावकारी सेवा प्रवाह गरिने छ । साथै भवन नभएका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई प्राथमिकतामा राखी भौतिक पूर्वाधार निर्माण गरिने तथा बर्थिङ सेन्टर र प्रयोगशाला सेवाको थप विस्तार गरिनेछ ।

१६. ८० बर्ष माथीका जेष्ठ नागरिकहरुलाई प्राथमिक स्वास्थ्य परीक्षण घर दैलोमा गर्ने तथा आँखा सम्बन्धि ,क्षयरोग ,कुष्टरोग,एच.आइ.भी.स्तन क्यान्सर ,पाठेघर मुखको क्यान्सर ,पाठेघर खस्ने जस्ता समस्या को पहिचान गरि समाधानका लागि शिबिर संचालन गरिने छ । नसर्ने रोगको चाप बढिरहेकोले सोबाट जोगाउन जेष्ठ नागरिक सगँ स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन गरी सो मा प्रयोग हुने औषधि तथा हाल स्वास्थ्य संस्थाले वितरण गर्दै आएको औषधी नि.शुल्क वितरण गरिने छ ।

१७. गर्भवती महिलाहरुको प्रोटोकल अनुसारको आठौं पटक गर्भ जाँचलाई शत प्रतिशत पुरयाइ संस्थागत प्रसुती हुने दरलाई वृद्धि गरिने छ । साथै कुपोषण दरलाई घटाउनको लागि गर्भवती महिलाहरुलाई दिदै आएको आयोडिन नुन, आइरन, क्यालसियम, फोलिक एसिडलाई निरन्तरता दिइने छ ।

१८. जन्मदर्ता र पोषण भत्तामा खोपकार्ड र विद्यालय भर्नामा पूर्णखोप कार्ड अनिवार्य आवश्यक हुने नीति लिइएको छ ।

१९. महिला स्वयंसेविकाहरुलाई वडा कार्यालय, गाउँपालिकाको कार्यालय, संघ-संस्था तथा दातृनिकायबाट हुने सहयोग गाउँपालिकाको स्वास्थ्य शाखाको समन्वयमा हुने गरी एकद्धार प्रणालीबाट संचालन हुने नीति लिइएको छ ।

२०. नागरिक आरोग्य सेवालाई अझै प्रभावकारी रुपमा संचालन गर्न विशेष जोडदिइने छ ।

२१. जीवन नै धन हो भन्ने नारालाई अनुभूत गराउन प्रत्येक नागरिकको स्वास्थ्य बीमामा पहुच पुर्याउने नीति अवलम्बन गरेको छु ।

२२. गाउँपालिका भित्र होमडेलेभरीलाई शुन्यमा ल्याउने नीति लिइएको छ ।

## <u>सामाजिक विकास सम्बन्धि नीति :</u>

२३. लैंगिक सामनता तथा सामाजिक समावेशिकरण अन्तरगत महिला, बालबालिका, अपांगता भएका व्यक्ति, दलित, मुस्लिम, अल्पसंख्यक, लोपोन्मुख, पिछडा वर्ग नागरिक तथा युवा वर्गको सशक्तिकरण, संक्षरण तथा अवसर प्रदान गर्नको लागि आवश्यक कानुन तर्जुमा गरी कार्यक्रम संचालन गरिने छ ।सामाजिक कुरीति, अन्धविश्वस, लैंगिक विभेद र हिंसाका घटनाहरु न्युनिकरण गर्नको लागि सचेतनामुलक कार्यक्रम तथा अभियान संचालन गरिने छ ।

२४. बालबालिका, किशोर/किशोरी तथा युवाको हक अधिकार सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

२५. गाउँपालिकालाई बालमैत्रि गाउँपालिका बनाउने नीतिलाई निरन्तरता दिदै सोको लागि विभिन्न कार्यक्रम तथा अभियान संचालन गरिने छ ।

२६. जेष्ठनागरिक, एकल महिला, विधवा तथा लोपोन्मुख जातीको सम्मान तथा संरक्षण गरिने छ ।

२७. लघु उद्यम विकास कार्यक्रमालाइ निरन्तरता दिने छ ।

२८. बालबालिका तथा युवाको शारीरिक तथा मानष्कि विकासका लागि खेलकुदलाई प्रवर्द्धन गरिने नीति लिइएको छ ।

२९. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन टोलविकास संस्था गठन तथा परिचालन गरिने नीति लिइएको छ ।

३०. परियोजना अन्तरगत गठित समूहलाई दिगो तथा प्रवर्द्धन गरिने नीति लिइएको छ ।

३१. स्वच्छ सफा तथा सुरक्षित खानेपानीको लागि खानेपानी आयोजना कार्यक्रम संचालन गरिने छ । साथै निर्मित खानेपानी टंकीहरुलाई आगामी आर्थिक बर्ष भित्र अनिवार्यरुपमा उपयोगमा ल्याउन खानेपानीलाइनको विस्तार गरी संचालनमा ल्याइ एक घर एक धाराको व्यवस्था गरिने छ तथा खानेपानी स्रोतको आरसेनिक जाँचको आवश्यक व्यवस्था मिलाइने छ ।

३२. **“सफा(Clean) यशोधरा, हरा(Green) यशोधरा”** अन्तरगत स्वच्छता अभियान संचालनका लागि आवश्यक जनशक्ति तथा प्रविधिको व्यवस्था मिलाउने नीति लिइएको छ ।

३३. शौचालय कार्डको व्यवस्थाका लागि आवश्यक नीति लिइ कार्यक्रम संचालन गरिने छ ।

३४. ऐतिहासिक, धार्मिक तथा संस्कृतिक सम्पदा र सार्वजनिक स्थलको संरक्षण एवं सम्वर्द्धन गरी पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक नीति लिइएको छ । साथै आन्तरकि तथा वाह्य पर्यटक आकर्षित गर्नको लागि आवश्यक पर्ने ठाँउमा पार्क निर्माण, पोखरी एवं तालको सुन्दरीकरण तथा जलजगेडना (Water reserved) तर्फ विशेष जोड दिइने छ ।

३५. स्थानीयस्तरमा परम्परागत सीप कलामा आधारित व्यवसायलाई प्रोत्साहन गर्दै आधुनिक प्रविधि मैत्रि बनाइ पेशालाई प्रवर्द्धन गरिने छ ।

३६. सामाजिक सुरक्षा भत्ता वितरणमा बैंक सँग समन्वय गरी सहजीकरण गरिने छ । अशक्तको हकमा घरदैलोमा पुगी भत्ता वितरण गरिने व्यवस्था मिलाइने छ ।

३७. विद्यालय जानेबाट बन्चित बालबालिकालाई विशेष कार्यक्रम गर्ने व्यवस्थाका साथै वंचितिकरणमा परेका बालबालिकाका लागि तत्काल राहत सेवा प्रदान गरिने र बालबालिकाको वस्तुगत विवरणमा आधारित आवधिक लगानी योजना बनाउने बालमैत्री घोषणा हुने वडाहरुलाई सम्मान तथा पुरस्कृत गर्ने नीति लिइएको छ ।

३८. वहुक्षेत्रीय पोषण कार्यक्रमलाइ निरन्तरता दिने नीति लिइएको छ ।

३९. युवा वेरोजगार तथा विपन्न घरपारिवारलाई उद्यम विकास कार्यक्रम सँग आवद्ध गरी जीवनस्तरमा सुधार ल्याउन विशेष कार्यक्रम संचालन गरिने छ ।

४०. यस गाउँपालिकाले गरिब, आर्थिक रुपमा पछाडि परेका व्यक्तिहरुलाई गरिब गर्ड बनाउने नीतिलाई निरन्तरता दिइएको छ ।

## पूर्वाधार तथा भौतिक संरचना सम्बन्धि नीति

४१. आधारभूत स्वास्थ्य सेवा केन्द्र निमार्णका लागि वडाहरुको लागत सहभागीतामा निर्माण कार्यमा विशेष जोड दिने छ ।

४२. सामुदायिक विद्यालयहरुको भौतिक संचरना पहिचान गरी वडाहरुको लागत सहभागीतामा विशेष प्राथमिकताका साथ निर्माण कार्य अगाडी बढाउने नीति लिइएको छ ।

४३. गाउँपालिकामा फोहरमैला व्यवस्थापन डपिंग साइट पहिचान गरी डपिंग साइटको व्यवस्थापन गरिने छ ।

४४. सिंचाइमा सहयोग हुनका लागि सिचांइ संरचनाहरु निर्माणका लागि दाताहरुको सहयोगमा ताल, तलैया, नदि, कुलो र नहरमा जलजगेड गर्न बाध आवश्यक निर्माण प्रक्रिया अगाडी बढाउने नीति लिइएको छ ।

४५. पालिका भित्र यातायात संचालन गर्न सम्बन्धित व्यवसायीहरुको पहिचान गरी साधनहरुको रुट निर्धारण गरी यातायात संचालन गर्न आवश्यक पहल गरिने छ ।

४६. पालिका पाङ्गणमा रहेको पोखरी सुन्दरीकरणका लागि तयार भएको डि.पि.आर बमोजिम सुन्दरीकरण निर्माण अगाडी बढाइने छ ।

४७. उत्कृष्ट निर्माण कार्य गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई सम्मान तथा कदर पत्र प्रदान गरिने नीति लिइएको छ ।

४८. यस गाउँपालिका भित्र श्रोत नक्सा सहित भू-उपयोग योजना र घरनक्सा पास तथा अभिलेखिकरण गर्न आवश्यक नीति, कानुन तथा मापदण्ड तयार गरी लागु गरिने छ ।

४९. सुरक्षित तथा जनता आवास कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५०. गाउँपालिकास्तरीय खेलमैदान निर्माणको लागि तयार भएको डि.पि.आर बमोजिम यस बर्षमा खेलमैदानको कार्य वडा नं १ मा अगाडी बढाइने छ ।

५१. गाउँपालिका तथा संघिय र प्रदेश सरकारको लागत साझेदारीमा (समपुरक अनुदान) संचालन हुने सडक योजनाहरु निरन्तरता दिइने छ ।

५२. वडाबाट संचालन हुने १० लाख भन्दा बढीका योजना तथा कार्यक्रम संचालनमा गाउँपालिकाबाट ५० प्रतिशतको लागत साझेदारी गर्ने नीति लिइएको छ ।

५३. पालिकाको उज्जालो कार्यक्रमलाई निरन्तरता दिने र वैकल्पिक उर्जा कार्यक्रमलाई समेत जोडदिने नीति लिइएको छ । साथै वडाको लागत साझेदारीमा गाउँको चौक/चौरहाहरुमा High mast light लगाउने नीति अवलम्बन गरिएको छ ।

५४. पालिकाको सिचाइ कार्यक्रम संचालन गर्न डिपटियुबेल जडान कार्यक्रमको नीति लिइएको छ ।

## भूमी व्यवस्था, कृषि तथा पशु सम्बन्धि नीति

५५. One ward one product अन्तरगत वडाको भौगोलिक क्षेत्र अनुसार कृषि तथा पशुको पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम लागु गरिने छ । साथै सोको प्रभावकारीताका लागि दातृनिकाय सँग समन्वय र सहकार्य गरिने छ ।

५६. छाडा पशुलाई व्यवस्थापनका लागि वडा नं ५, ६ र ७ मा सम्बन्धित वडा अध्यक्षको नेतृत्वमा एउटा समिति निर्माण गरी आगामी आर्थिक बर्षमा विशेष जोड दिइने छ ।

५७. पशुस्वास्थ्य सेवा केन्द्र विस्तार गर्ने र सेवा केन्द्रहरुलाइ सेवा प्रवाहमा व्यवस्थित एवं प्रभावकारी बनाइने छ ।

५८. कृषि सेवा केन्द्रहरुलाई प्रभावकारी एवं व्यवस्थित बनाइ सेवालाई चुस्त एवं दुरुस्त बनाउने नीति लिइएको छ ।

५९. कृषक तथा पशुमा आधारित उद्यमीहरुलाई प्रविधि सँग जोडने नीति लिइएको छ ।

६०. सहकारीको साझेदारीमा कृषि उत्पादन बजारिकरण तथा प्रसोधनका कार्यक्रम संचालन गरिने नीति लिइएको छ ।

६१. पालिका तथा सहकारी बीच समन्वय एवं सहकार्यमा विशेष जोड दिइने छ ।

६२. गाउँपालिका भित्र रहेका सम्पूर्ण सहकारीहरुलाई गाउँपालिकास्तरीय समिति गठन गरी सहकारीको वृद्धि विकासमा विशेष जोड दिने छ ।

६३. यस गाउँपालिका भित्र कृषि पेशामा संलग्न रहेका कृषकहरुलाई उत्पादन मुलक कार्यक्रम संचालन गर्ने नीति लिइएको छ।

६४. यस गाउँपालिका भित्र कृषकहरुको आवश्यकताको आधारमा नमुना बगैचा स्थापना र तथा रहेका बगैचाहरुलाई संरक्षण कार्य गर्न नीति लिइएको छ ।

६५. गाउँपालिकालाई दुध, तरकारी, अण्डा तथा मासुमा आत्मनिर्भर हुने नीति लिइएको छ

६६. पशुपंक्षिहरुलाई स्वस्थ्य बनाइ राख्न मृत्युदर कम गराउने साथै यशोधरा गाउँपालिका अन्तरगत पशुपंक्षिहरुलाई रोग रहित बनाउने नीति लिइएको छ ।

## सुशासन प्रवर्द्धन संगठन विकास सम्बन्धि नीति

६७. गाउँपालिकाको प्रशासनीक तथा संगठनिक संरचनालाई चुस्त/दुरुस्त तथा प्रभावकारी बनाउदै रिक्त दरवन्दीहरुमा उपयुक्त प्रकृयाबाट पदपुर्ती गरिने छ । सार्वजनिक सेवाालाइ प्रभावकारी बनाउन स्वयसेवक परिचालन समेत गरिने नीति लिइएको छ ।

६८. गाउँपालिकाको अवाधिक गाउँविकास योजना, मध्यकालिन खर्च संरचना तयार गरिने छ ।

६९. आर्थिक प्रशासन शाखालाई व्यवस्थित गरी पारदर्शिता प्रवर्द्धन गर्न यथाशिघ्र जनशक्ती व्यवस्थापन नीति लिइएको छ ।

७०. क्षमता विकास योजना बनाइ कर्मचारी तथा पदाधिकारीहरुको समय समयमा क्षमता विकास तालिम संचालन गरिने छ ।

७१. कार्यालयको सुशासन कायम गर्न समय समयमा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता कार्यहरु समयमै गरिने छ ।

७२. संगठन संरचना एवं दरवन्दीको सर्वेक्षण O&M Survey कार्य गरिने छ ।

७३. नव प्रवर्तन कार्यक्रमलाई निरन्तरता दिने नीति लिइएको छ ।

**७४. म भ्रष्टाचार गर्दैन, कसैलाई गर्न दिदैन भन्ने नारालाई सार्थक बनाउदै गाउँपालिकालाई भ्रष्टाचार मुक्त बनाउने छु ।**

७५. गाउँपालिका कार्यालयलाई अनुशासित एवं मर्यादित बनाउनको लागि दण्ड एवं पुरस्कारको नीति अवलम्बन गरेको छु ।

## राजश्व परिचालन एवं अभिवृद्धि सम्बन्धि नीति

७६. पालिकाको राजश्व सुधार कार्य योजना निर्माण (Revenue improvement action plan) गरिने छ ।

७७. यस गाउँपालिका अन्तरगत रहेका सम्पूर्ण आन्तरिक स्रोत साधनको यर्थात पहिचान गाउँपालिकाको अधिकार क्षेत्र भित्र कर संकलनको दायरामा वृद्धि गर्ने नीति लिइएको छ । साथै सम्पूर्ण पसल, व्यवसाय तथा सेवाहरुलाई पालिकामा दर्ता/नविकरण गराउनको लागि आवश्यक व्यवस्था गरिने छ ।

७८. गाउँपालिका अन्तरगतमा रहेको प्रकृतिक स्रोतहरुको (जस्तै पोखरी, ताल, नदीजन्य वस्तु)हरुको पहिचान गरी वातावरणमा असर नपर्ने गरी ठेक्कामा दिइ राजश्व संकलनको दायरा बढाइने छ । तथा सम्बन्धित वडाबाट संकलन भएको ठेक्काको जम्मा रकमको ५० प्रतिशत रकम सम्बन्धित वडामै लगानी गर्ने नीति लिइएको छ ।

७९. राजश्व संलकनमा खटिने कर्मचारीहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।

८०. पालिका अन्तरगत बजार व्यवस्थापनको लागि गठन भएको समितिलाई प्रभावकारी बाजार व्यवस्थापनका लागि तालिम कार्यक्रम संचालन गरिने छ ।

८१. गाउँपालिका अन्तरगत आ.ब. ०८०।०८१ मा सबै भन्दा बढी कर तथा राजश्व बुझाउने व्यक्ति, व्यवसायी, संस्था तथा फार्मलाई पुरस्तकृत र सम्मानित गरिने नीति लिइएको छ ।

८२. पालिका अन्तरगत भएका पसल व्यवसाय, संस्था, सेवा बाजार लगायत आन्तरिक राजश्व संकलन हुने ठाउँको नियमित अनुगमन गर्ने व्यवस्था गरिने छ ।

८३. यस गाउँपालिकाको सुठौली भन्सार नाकाको अव्यवस्थित स्वदेशी तथा विदेशी सवारी साधनहरुको लागि जग्गा व्यवस्थापन गरी पार्किङ्गको व्यवस्था गरिइने छ ।

८४. एक वडा एक चौरहा बाजार विकास अवधारणा अनुसार प्रत्येक वडामा बाजार व्यवस्थापन समिति गठन गर्ने र सो समितिमा सुचिकृत भइ व्यवसाय दर्ता/नविकरण गर्ने नीति लिइएको छ ।

## सूचना तथा संचार सम्बन्धि

८५. नीति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य संघ-संस्थाहरुबाट डिजिटल माध्यमबाट प्रवाह हुने सेवामा सामुदायको पहुच वृद्धि हुने उद्देश्यले प्रत्येक वडामा सामुदायमा आधारित डिजिटल सेवा केन्द्र संचालनलाइ निरन्तरता दिने छ ।

८६. गाउँपालिकाले प्रवाह गरिरहेको सेवा तथा कार्यहरुको जानकारी Audio and video माध्यमबाट दिने उद्देश्यले गाउँपालिकाको मुख्य-मुख्य चौक चौराहामा Out-door Digital borad जडानको व्यवस्था मिलाइने छ ।

८७. सार्वजनिक सेवालाई अझै प्रभावकारी बनाउने उद्देश्यले गाउँपालिकाको कार्यालय, अन्तरगत वडा कार्यालय, स्वास्थ्य संस्था तथा शैक्षिक संस्थाहरुमा Biomatrix E-Attendance आनिवार्य रुपमा लागु गर्ने नीति लिइएको छ ।

८८. गाउँपालिका तथा अन्तरगत निकायहरुको प्रत्यक्ष निगरानिका तथा निरिक्षण गर्न गाउँपालिकाको कार्यालयमा Surveillance System को व्यवस्थापनको व्यवस्थापन गरिने छ ।

८९. गाउँपालिका अन्तरगत स्वास्थ्य संस्था, विद्यालय, वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुमा सूचना प्रविधिको अधिक्तम प्रयोगको व्यवस्था मिलाइने छ ।

९०. गाउँका कार्यक्रम तथा सूचनाहरु सम्पूर्ण जनतामा पुर्याउन र पारदर्शिता कायम गर्न संचार माध्यमहरु एफ.एम. पत्रपत्रिका तथा सामुदायिक आनलाइन न्यूजहरु संग सहकार्य गरि कार्यन्वयनमा ल्याउनेछ।

९१. गाउँपालिका अन्तरगतका सम्पूर्ण विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय एवं गाउँपालिकाको कार्यालयमा कार्यरत जनशक्तिहरुलाइ सूचना प्रविधिमा क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था गरिने छ ।

९२. गाउँपालिकामा डिजिटल साक्षरता कार्यक्रम संचालन गरिने नीति लिइएको छ ।

## न्यायिक समिति सम्बन्धि नीति

९३.न्यायिक कार्य सम्पादनमा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४९ को उपदफा २ बमोजिम कार्य अवलम्बन गरिने छ । परिणाम स्वरुप सबै विवादहरु न्यायी समितिमा दर्ता भइ समाधानको लागि सम्बन्धित वडाका मेलमिलाप केन्द्रमा पठाइ विवादमाथी आवश्यक प्रकृया अनुसार समाधान गरिने छ ।

९४. सामुदायमा न्यायिक कार्यको निमित्त न्यायिक कार्यको सम्बन्धमा सामाजिकिकरण तथा आम सचेतीकरण कार्यक्रम संचालन गरिनेछ ।

९५. सबै वडामा रहेका सुचिकृत मेलमिलाप कर्ताहरु, सामाजिक अभियनता, वुद्धजिवि तथा भलाभद्र मानिसहरुलाई न्यायिक कार्य बारे पुर्नताजगि तालिमको व्यवस्था मिलाइने छ ।

९६. न्यायिक समितिलाई शशक्तिकरण गर्दै आझै सक्रिया बनाउन विभिन्न कार्यहरुमा विशेष जोड गरिनेछ ।

९७. न्यायिक समितिमा परेको उजुरीहरुको प्रकृति अनुसार म्याद भित्र निरुपण गरिइने छ ।

## रोजगार सम्बन्धि नीति सम्बन्धित नीति

९८. गाउँपालिकाले बेरोजगारीको समस्यालाई समाधान गर्न रोजगार रणनीति तर्जुमा गरि कार्यान्वनमा ल्याउने छ ।

९९. भौतिक निर्माण र मर्मत सम्भारका कार्य गर्दा सम्भव भए सम्म मेशनरी औजारको प्रयोग कम गरेर स्थानीय श्रममुलक प्रविधि अपनाएर कार्यान्वय गरी स्थानीय रोजगार प्रवर्द्धन गरिने छ ।

१००. सूचिकृत बेरोजार श्रमिकहरुलाई स्थानिय आवश्यकता र उनीहरुको रोजाइ अनुसारका प्राविधिक सिप तथा तालिमको व्यवस्था गर्न व्यवसायीक तथा प्राविधिक तालिमका लागि CTEVT तथा नीजि क्षेत्रका एवं सीप मुलक तालिम प्रदाय निकायमा पनि आवश्यक समन्वय गरिने छ ।

१०१. प्रधानामन्त्री रोजगार कार्यक्रमलाई अझै प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा यस पालिकाको लागत साझेदारी कायम गरिनेछ ।

१०२. वैदेशिक रोजगारिमा जानेहरुको लागि पुन: श्रमस्वीकृतीको सहजीकरणलाई अझ छिटो छरितो गरिनुका साथै वडातहमा डिजिटल सेवा मार्फत समेत सेवा प्रदान गरिने छ ।

१०३. यशोधरा गाउँपालिकाको अभियान श्रमको सम्मान कार्यक्रम सबै वडामा व्यापक रुपमा संचालन गरिने छ ।

## वातावरण तथा विपद् व्यवस्थापन तर्फ

१०४. गाउँपालिका भित्र मुख्य बाटोमा सार्वजनिक स्थलमा वृक्षारोपण, जलउत्पन्न प्रकोप, भूक्षय नियन्त्रणका लागि प्रदेश, संघ र अन्य सरोकारवाला निकाय सँग समन्वय र कार्य गरिने नीति लिइएकोछ ।

१०५. गाउँपालिकालाइ वातावरणमैत्री घोषणा गर्ने आवश्यक नीती लिइएको छ ।

१०६. फोहोरमैला व्यवस्थापनका लागि आवश्यक कार्य संचालन गरिने छ ।

१०७. विपद व्यवस्थापन कार्यका लागि विपद् कोषमा आवश्यक रकमको व्यवस्थापन गरिने छ ।

१०८. विपद् पिडितलाई राहत वितरण कार्यलाई निरन्तरता दिने छ ।

१०९. विपद् व्यवस्थापन समितिलाई अझै सक्रिया रुपमा परिचालन गरिने छ ।

## विधायन तथा वित्तीय अनुशासन

११०. महालेखा परीक्षकबाट सुझावका रुपमा पेश गरिएका सुझाव उपर र नियमित गर्नुपर्ने सबै कुरा आर्थिक ऐन बमोजिम गरिनेछ ।

१११. वित्तिीय अनुशासन,पार्दशिता र जवाफदेहीतालाई सशक्त बनाउन,वित्तीय जोखिम न्युनिकरण गर्न र सेवाप्रवाहलाई छिटो छरितो एवं पारदर्शी बनाउन नागरिक वडा पत्रको व्यवस्था, आयोजना निर्माण स्थलमा सूचना पाटी,सार्वजनिक सुनुवाई सामाजिक परिक्षण, रेडियो तथा पत्रपत्रिकाबाट हाम्रो गतिविधी सम्प्रषण लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।

११२. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्थाहरुको कार्यान्वयनका लागि यशोधरा गाउँपालिकालाई प्राप्त भएको अधिकार क्षेत्र भित्र रहि आवश्यकता अनुसार विभिन्न ऐन, कानून, कार्यविधि, नियमावली तथा निर्देशिका बनाइ लागु गरिने छ ।

११३. ऐन, कानून, कार्यविधि, नियमावली तथा निर्देशिका बनाउनका लागि सो संग सम्बन्धित विशेषज्ञबाट अध्ययन अनुसन्धान, परामर्श गर्न आवश्यक बजेट विनियोजन गरि कार्यान्वयनमा लैजाने नीति लिइएको छ ।

## मर्यादा पालन सम्बन्धि नीति

११४. गाउँ सभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालनमा सम्बन्धी विविध विषयहरुलाई पालनामा जोड दिइएको छ ।

११५. जन निर्वाचित पदाधिकारीहरु तथा कर्मचारीहरुको लागि बनाइएको आचारसंहिता अनुशासन समिति गठन गरी अनिवार्य रुपमा लागु गरिने छ ।

## धन्यवाद